नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल हज समितिको सचिवालय

पत्र संख्याः ०८२।८३
चलानी नं.: ४२

सिंहदरबार
काठमाडौं, नेपाल
मितिः २०८२/०६/०५

## हज आवेदन सम्बन्धी जरूरी सूचना ।

मिति २०८२ भाद्र २३ र २४ गते काठमाडौं लगायत मुलुकका विभिन्न स्थानमा युवापुस्ताको अगुवाईमा भएको विरोध प्रदर्शन र आन्दोलनका क्रममा अकल्पनीय र अपुरणीय जनधनको क्षति हुन गएको छ । यस घटनामा ज्यान गुमाउनु हुने सम्पूर्ण व्यक्तिप्रति नेपाल हज समिति परिवार भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछ । साथै घाईते व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

विरोध प्रदर्शनको क्रममा विभिन्न जिल्ला प्रशासन कार्यालयहरूमा समेत आगजनी एवम् तोडफोड हुँदा त्यहाँ रहेका हज आवेदनहरू समेत जली नष्ट भएको तथा फेला नपरेको जानकारी प्राप्त भएकोले सन् २०२६ (हज १४४७) को हजमा जानको लागि नेपाल हज समितिको मिति २०८२ भाद्र ०६ गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम आवेदन गर्नु भएका आवेदकहरूले आवेदन गरेको जिल्ला प्रशासन कार्यालयमा गई आफ्नो आवेदन सुरक्षित रहेको वा नरहेको एकीन गर्नुहुन अनुरोध छ । साथै आवेदकको आवेदन फारम नष्ट भएको वा फेला नपरेको अवस्थामा नेपाल हज समितिको खातामा आफूले बुझाएको हज शुल्क वापतको भौचरको प्रमाणित छायाँ प्रति सम्बन्धित बैंकबाट लिई पुनः आवेदन गर्नुहुन सम्बन्धित सबैलाई यसै सूचना मार्फत् अनुरोध गर्दछु ।

..............................
(मोख्तार अहमद)
अध्यक्ष
नेपाल हज समिति, सिंहदरवार, काठमाडौं ।

फोन नं.: ०१-४२१११०४, ४२१११७२, इमेलः nepalhaj@gmail.com